लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः ०८३।०८४
चलानी नं. २६

मितिः२०८३।०५।०१
ने.सं. ११४६ गुंलाथ्व, पञ्चमी

# विज्ञापन कर बुझाउने सम्बन्धी सूचना!

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०५।०१**

यस लेकवेशी नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा यस नगरपालिकाको अनुमति नलिई तथा आर्थिक ऐन बमोजिम बुझाउन पर्ने विज्ञापन कर समेत नबुझाई विभिन्न स्थानमा विज्ञापन तथा प्रचार-प्रसार सामाग्रीहरु राखिएको पाइएकाले अनुमित नलिई तथा विज्ञापन कर नबुझाई राखिएका त्यस्ता होर्डिङ्ग बोर्ड,फ्लेक्स,ब्यानर,डिस्प्ले बोर्ड,परिचयपाटी वाल सटर पेन्ट्स, लोगो लगायतका सम्पुर्ण विज्ञापन सामाग्री राख्ने व्यक्ति,संघ-संस्था तथा कम्पनी, डिलरहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र लेकवेशी नगरपालिका राजश्व उपशाखामा सम्पर्क राखी नरगपालिकाको आर्थिक ऐन,२०८३ बमोजिम लाग्ने कर दाखिला गर्नहुन यो सूचना प्रकाशन गरिएको छ। तत् पश्चात अनुमति नलिई तथा कर दाखिला नगरि राखिएका सम्पुर्ण विज्ञापन सामाग्रीहरु हटाई जफत गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**विज्ञापन कर**

| क्र.सं. | विज्ञापनको साईज | आ.व. ०८३।०८४ को स्वीकृत दर (प्रति वर्ग फिट) |
|---|---|---|
| १ | विज्ञापन सामाग्री १० व.फि. सम्म | रु.१००।- |
| २ | विज्ञापन सामाग्री १० व.फि. भन्दा माथि | रु.१५०।- |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत